महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

उमाकुण्ड गाउँपालिका

रामेछाप

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

उमाकुण्ड गाउँपालिका

रामेछाप



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, प्रशासनिक खर्च बढ्दै गएको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र

प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र २९ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

बागमती प्रदेश लेखापरीक्षण महानिर्देशनालय
काठमाडौं

पत्र संख्याः २०७९।८०
च.नं. ४३

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू
उमाकुण्ड गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय
रामेछाप ।

कैफियत सहितको राय

हामीले यस गाँउपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाँउपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.१० करोड ६१ लाख ४७ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु ८ करोड १३ लाख ५६ हजार फस्यौंट भई बाँकी बेरुजू मध्ये असुल गर्नुपर्ने रू. १५ लाख ६६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५५ लाख ४७ हजार, नियमित गर्नुपर्ने रु१ करोड ७६ लाख ७७ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु १९ करोड ५९ लाख २० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु २२ करोड ०७ लाख ११ हजार रहेको छ । गाँउपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाँउ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

उमाकुण्ड गाँउपालिका, रामेछाप

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
३०	४९	१०६१४७	०	२२	८१३५६	३०	२७	२४७९१	१५६६	१७६७७	५५४७	०	०	२३२२४	0

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको विवरण

क्र.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
१	१९	प्रदेश फिर्ता	८२२१८५४
२	२६	भम्रण आदेशमा स्वयमद्धारा स्वीकृत	७५९००
३	३०	गत बर्षको भुक्तानी	१७५५००
४	३५	दोहोरो सुविधा	११०००
५	४४	कृषि अनुदान	४१५४४६५
६	४६	पूर्वनिर्धारित क्षतिपूर्ति	११४९४६
७	४८	प्रमाण पेश	४६९६६४
८	५१	शिर्षक फरक पारी खर्च	१०००००
९	५३	ठेकेदारबाट निर्माण कार्य	२३५३२२५
१०	५५	प्रमाण	७८२०००
११	५६	विमा	१९२६७८०
१२	५७	अमानतबाट निर्माण कार्य	२११७७५
१३	६४	प्रतिवेदन	१८९३८९३१
१४	६६	सोलार जडान	७९३९०२
१५	७१	कार्यसम्पादन जमानत	२८७४२७९।३४
१६	७३	पेश्की बाँकी	३००००००
१७	७७	पेश्की फर्छ्यौट	२२७७६८१७।१६
१८	७४	लाभग्राही समुह	६१३७५२८
१९	७६	औषधि खरिद	६१६९०३९

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्यौंट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
उमाकुण्ड गाँउपालिका, रामेछाप	१९५९२०	०	०	१९५९२०	०	२४७९१	२२०७११

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : उमाकुण्ड गाउँपालिका, रामेछाप , उमाकुण्ड गाउँपालिका , रामेछाप

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	दिपेन्द्र कुमार पैकारा	२०७८-२-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	गणेश प्रसाद घिमिरे	२०७७-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	२४,७९१,०९३

गत बर्षको जिम्मेवारी		१९,२३,१६,७७८	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३०,०७,७२,५००	**चालु खर्च**	३३,०२,०४,२४१.०४
प्रदेश सरकारबाट अनुदान	४,०२,३८,२२५	**पूँजीगत खर्च**	२३,९६,६७,८९५.१२
राजश्व बाँडफाँट	६,३९,०५,३२६.६६	**वित्तीय/अन्य व्यवस्था**	१३,१८,९०,८०३.७९
आन्तरिक आय	८०,५०,६७६.७		
अन्य आय	१३,६८,३३,१५०.५३		
कुल आय	५४,९७,९९,८७८.८९	**कुल खर्च**	७०,१७,६२,९३९.९५

बाँकी मौज्दात	४,०३,५३,७१६.९४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परीचय :**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनश्चत गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, ४५१.९९ वर्ग किलो मिटर क्षेत्रफल तथा १७ हजार ६०० जनसंख्या रहेको छ ।	
२			**संचित कोषः**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकालेप्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७८/७९ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः	

विवरण	टिप्पणी	यस वर्ष रु.			
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		४८,९२,०६,९७०	४१,८२,३७,४२८.९२		४१,८२,३७,४२८.९२
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		४८,४२,०६,९७०	४१,२९,६६,७२८.३६	०	४१,२९,६६,७२८.३६
११००० कर	११	१०,५८,८३,२३६	६,३९,०५,३२६.६६	०	६,३९,०५,३२६.६६
१३००० अनुदान		३७,१५,५२,१६०	३४,१०,१०,७२५	०	३४,१०,१०,७२५
संघीय सरकार	१२	३१,७५,५१,१६०	३०,०७,७२,५००	०	३०,०७,७२,५००
प्रदेश सरकार	१२	५,४०,०१,०००	४,०२,३८,२२५	०	४,०२,३८,२२५
१४००० अन्य राजस्व		६७,७१,५७४	८०,५०,६७६.७०	०	८०,५०,६७६.७०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

ख. अन्य प्राप्ति		५०,००,०००	५२,७०,७००.५६		५२,७०,७००.५६
वितरण गर्न बाकी राजस्व		०	०	०	०
कोषहरु		५०,००,०००	११,००,०००	०	११,००,०००
धरौटी		०	४१,७०,७००.५६	०	४१,७०,७००.५६
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०
भुक्तानी (ग+घ)		६८,०७,१६,९७०	५७,०२,००,४८९.९८		५७,०२,००,४८९.९८
ग. भुक्तानी (सञ्चित कोषबाट)		६७,५७,१६,९७०	५६,९८,७२,१३६.१६		५६,९८,७२,१३६.१६
२१००० पारिश्रमिक / सुविधा	१८	१३,८७,५१,०००	१२,८९,११,१०५.५१	०	१२,८९,११,१०५.५१
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१२,७६,८८,०००	११,६०,७६,३२१.५५	०	११,६०,७६,३२१.५५
२५००० सहायता (Subsidy)	१८	१,०१,०४,०००	१६,२२,९००	०	१६,२२,९००
२६००० अनुदान	१८	६१,१५,०००	२५,०८,४४७	०	२५,०८,४४७
२७००० सामाजिक सुरक्षा	१८	१,३१,५४,०००	९४,७४,११४	०	९४,७४,११४
२८००० अन्य खर्च	१८	७,१६,००,०००	७,१६,११,३५२.९८	०	७,१६,११,३५२.९८
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	३०,८३,०४,९७०	२३,९६,६७,८९५.१२	०	२३,९६,६७,८९५.१२
घ. अन्य भूक्तानी		५०,००,०००	३,२८,३५३.८२		३,२८,३५३.८२
कोषहरु		५०,००,०००	६०,०००	०	६०,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>धरौटी</td><td></td><td>०</td><td>२८,२३,१५०</td><td>०</td><td>२८,२३,१५०</td></tr>
<tr><td>संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम</td><td></td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी</td><td></td><td></td><td>(२५,५४,७९६.१८)</td><td></td><td>(२५,५४,७९६.१८)</td></tr>
<tr><td>ङ. यो वर्षको बचत (न्युन)</td><td></td><td>(१९,१५,१०,०००)</td><td>(१५,१९,६३,०६१.०६)</td><td></td><td>(१५,१९,६३,०६१.०६)</td></tr>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td></td><td>१९,२३,१६,७७८</td><td></td><td>१९,२३,१६,७७८</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td></td><td>(१९,१५,१०,०००)</td><td>४,०३,५३,७१६.९४</td><td></td><td>४,०३,५३,७१६.९४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>अन्तर सरकारी वित्तीय हस्तान्तरण अनुदानः उल्लेखित कारोवारमा देहाय बमोजिमको अन्तरसरकारी कारोवार समावेश भएको छैन । सबै कारोवार समावेश गरी वित्तीय विवरण यथार्थपरक बनाउनु पर्दछ ।
<table>
<tr><th>सिनं</th><th>बजेट उपशिर्षक</th><th>निकासा खर्च</th></tr>
<tr><td>१</td><td>स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम</td><td>५००००००</td></tr>
<tr><td>२</td><td>एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम</td><td>२२७७६८१७।१६</td></tr>
<tr><td>३</td><td>गरिवी संग विश्वेश्वर कार्यक्रम</td><td>४६४०००</td></tr>
<tr><td>४</td><td>सामाजिक सुरक्षा तथा संरक्षण</td><td>९४९३५०८६</td></tr>
<tr><td>५</td><td>पर्यटन प्रवर्धन तथा पूर्वाधार विकास कार्यक्रम</td><td>१४७७१४८</td></tr>
<tr><td>६</td><td>प्रदेश पूर्वाधार स्वास्थ्यप्रवर्धन तथा कोभिड पूनर्स्थापना साझेदारी कार्यक्रम</td><td>२९५४३२३</td></tr>
<tr><td>७</td><td>भौतिक पूर्वाधार विकास मन्त्रालय</td><td>३९६५०७५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१३१५६२४४९।९७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>सामाजिक सुरक्षा तर्फ- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार सार्वजनिक नियकाले विल</td><td>९५४,२१८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भरपाई तथा प्रमाण कागजातको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागी सनराईज वैङ्कमा प्रथम त्रैमासिकमा २४१४ लाभग्राहीको लागी रु २३०४४३५८, दोस्रो चौमासिकको लागी २४५६ लाभग्राहीको लागी रु २३४१०३६६, तेस्रो त्रैमासिकको लागि २५२४ लाभग्राहीको लागी रु २३९८७४११ र अन्तिम त्रैमासिकको लागि २५७४ लाभग्राहीको लागि रु २३७४०९९९ गरी रु. ९४९३५०८६।– सम्वन्धित बैंकमा पठाएकोमा बैंकले ४ वटा त्रैमासिकको लागिल सम्वन्धित लाभग्राहीको खातामा रुरु. ९६२५५००४।- वितरण गरेको भनी रिभर्सफिड उपलव्ध गराएको छ । यसरी बढी रिभर्स फिडक अध्ययन गर्दा वडा नं १ को दोस्रो त्रैमासिकमा ३०२ जना लाभग्राहीको रु २८०९६४६ को वितरणको लागि सम्वन्धित बैंकलाई अनुरोध गरेकोमा उक्त बैंकले ७८८ जनालाई रकम वितरण गरेको भनी रु ६६८३७८२ वितरण विवरण पठाई समग्रमा रु ३८७४१३६ को बढि वितरण गरेको डाटा देखाएको छ ।जसले गर्दा वास्तविक रुपमा कुल वितरण रकम रु ९२३८०८६८ गरी बचत रु २५५४२१८ भई उक्त रकम सम्वन्धित बैंक बाट फिर्ता हुनुपर्नेमा लेखापरीक्षणको क्रममा रु १६००००० फिर्ता भएकोमा बाँकी रकम रु ९५४२१८ फिर्ता नपठाएको हुदा संघीय संचित कोषमा फिर्ता पठाएको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>४.१</td><td>पालिका</td><td>९,५४,२१८</td></tr>
</table></td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>सवारी मर्मत-पालिकाबाट प्राप्त विवरण अनुसार आव २०७८।०७९ मा सवारी साधन मर्मत वापत रु. १४९९०००।– खर्च गरेको छ । तर मर्मत सम्वन्धि अभिलेख (म.ले.प.फा.न.) – २ नराखि खर्च गरेकोले कुन सवारी साधनमा कति मर्मत खर्च भएको छ यकिन गर्ने अवस्था नरहेकोले मर्मत अभिलेख देखिने गरी उक्त फारम प्रयोगमा ल्याइ मर्मतमा मितव्यायिता अपनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>कोभिड आय व्ययः स्थानिय तहले गत वर्षको मौज्दात बापत रु ५० लाख जिम्मेवारी सारेकोमा यस बर्ष अन्य सामाजिक सुरक्षा शिर्षकमा रु ६० हजार खर्च गरी रु ४९ लाख ४० हजार मौज्दात रहेको छ ।
<table>
<tr><th>आम्दानीको विवरण</th><th>रकम</th><th>खर्चको शिर्षक</th><th>रकम</th></tr>
<tr><td>गत वर्षको मौज्दात</td><td></td><td>अन्य सामाजिक सुरक्षा</td><td>६००००</td></tr>
<tr><td>संघीय सरकार</td><td>४५०००००</td><td>मौज्दात</td><td>४९४००००</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>५०००००</td><td></td><td></td></tr>
<tr><td>जम्मा</td><td>५००००००</td><td></td><td>५००००००</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७			**कोभिड सुरक्षा खर्च :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहले रकम खर्च गर्नको लागी आवश्यक नीति नियमको तर्जुमा गरी सो को अधिनमा रहि औचित्यको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष सो नियमावलीको व्यवस्था नगरी अन्य सामाजिक सुरक्षा शिर्षकमा रु ६० हजार खर्च लेखेको छ । नियमको व्यवस्था गरी औचित्य र आवश्यकताको आधारमा रकम खर्च गर्नुपर्दछ ।	
८			**मुद्दाको विवरण** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ। गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ ।	
९			**कानून निर्माण** :स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले आवस्यकता अनुसार कानूनी व्यवस्था गरी सो को प्रभावकारी कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा हाल सम्म स्थानीय तहलाई ४२ वटा नमूना कानून तयार गरी पठाइसकेको अवस्थामा पालिकाले हालसम्म विभिन्न ऐन कानून तथा कार्यविधि गरी ५८ कानून तयार गरेकोमा त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।	
१०			**उपदान कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१.1 मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को नियम 91.2 अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले साबिकका योगदानमा आधारित उपदान वा निवृत्तिभरणका लागि उपदान कोष खडा गरी नियमानुसार लाभग्राहि कर्मचारिको मासिक तलब भत्ताबाट १०% कट्टी गरी सोहि रकम बराबर उपदान कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले नियमानुसार उपदान कोष तयार गरी रकम जम्मा गर्नपर्दछ ।	
११			**चौमासिक खर्च** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार	

(क्रम ८ अन्तर्गत तालिका)

अ.ल्या	यस वर्ष थप	जम्मा	फछ्यौट् संख्या	माथिल्लो निकायमा रिफर	मौज्दात
१	१२२	१२३	११९	०	४

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप खर्च गरी आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

<table>
<tr><td>सि.नं.</td><td>खर्च शीर्षक</td><td>कुल खर्च</td><td colspan="3">चौमासिक खर्च (रु.हजारमा)</td><td>आषाढ महिनाको मात्र खर्च</td></tr>
<tr><td></td><td></td><td></td><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेस्रो चौमासिक</td><td></td></tr>
<tr><td>1</td><td>पूजिगत</td><td>२३९६६७.</td><td>०.</td><td>३९४९०.</td><td>२०५१७५.</td><td>११८८७४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षणः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>वित्तीय विश्लेषण :कार्यालयले पेश गरेको विवरण तथा कार्यालयको स्थानीय संचित कोष व्यवस्थापन प्रणालीले तयार गरेको म ले प फारम नं २७२ र मलेप फारम नं २७५ को अध्ययन गर्दा निम्नानुसार को व्यहोरा देखियो ।

स्थानीय संचित कोष को म ले प फारम नं २७२ अनुसार संचित कोषको प्राप्ती तर्फ रु ४१ करोड ८२ लाख ३७ हजार , मध्ये राजस्वबाट बाँडफाड बापत रु ६ करोड३९ लाख ५ हजार , अनुदान बापत रु ३४ करोड १० लाख १० हजार (संघीय सरकारबाट अनुदान बापत रु ३० करोड ७ लाख ७२ हजार प्रदेश सरकारतर्फ ४ करोड २ लाख ३८ हजार) र अन्य राजस्वमा बाट ५२ लाख ७० हजार प्राप्त भएकोमा वास्तविक रुपमा राजश्व बाँडफाडबाट रु ८ करोड ४७ लाख २ हजार ,अनुदानबाट ३७ करोड १५ लाख ५२ हजार तथा अन्य राजश्वबाट १ करोड २८ लाख र अन्य प्राप्तिबाट ४१ लाख ७० हजार गरी कुल आय ४७ करोड ३२ लाख २५ हजार देखाई म ले प फारम नं २७२ ले ५ करोड ४९ लाख ८८ हजार कम आम्दानी देखाएको छ ।
सुत्र द्धारा तयार भएको मलेप फारम नं २७२ मा अन्तर वित्तीय सरकारी अनुदान बापतको रु १३ करोड १५ लाख ६२ हजार समावेश नहने हुदा पालिकाले तयार गरेको वित्तिय विवरणले यथार्थ चित्रण गरेको छैन ।
शुत्र द्धारा जारी भएको मलेप फारम नं २७२ ले संचित कोषबाट भुक्तानी रु ५६ करोड ९८ लाख ७२ हजार र अन्य भुक्तानीमा रु ३ लाख २८ हजार गरी कुल भुक्तानी रु५७ करोड २ लाख देखाएकोमा वास्तविक रुपमा सञ्चित कोषबाट भुक्तानी रु २६ करोड ८२ लाख

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			४९ हजार र अन्य भुक्तानी २८ लाख ८३ हजार गरी कुल भुक्तानी रु ५७ करोड ११ लाख ३२ हजार हुनुपर्नेमा म ले प फा नं २७२ ले ९ लाख ३१ हजार कम खर्च देखाएको छ । • कार्यालयको म ले प फारम नं २७२ ले ्श्रेस्ता अनुसार गत वर्षको जिम्मेवारी रु ११ करोड ७८ लाख ३४ हजार देखाएकोमा बैक अनुसार रु १८ करोड ६३लाख १० हजार भएकोमा पालिकाले यस बर्ष रु १९ करोड २३ लाख १६ हजार जिम्मेवारी सारी श्रेस्ताभन्दा ७ करोड ४४ लाख ८२ हजार बढी जिम्मेवारी सारेको छ । पालिकाले रिकन्सिलेन स्टेटमेन्ट तयार गरी वास्तविक मौज्दात यकिन गर्नुपर्दछ । • पालिकाले तयार गरेको म ले प फा नं २७२ अनुसार कुल आम्दानी ४१ करोड ८२ लाख ३७ हजार प्राप्त भएकोमा कुल भुक्तानी ५७ करोड २ लाख खर्च भई ऋणात्मक बचत १५ करोड १९ लाख ६३ हजार रहेकोमा गत बर्षको मौज्दात १९ करोड २३ लाख१६ हजार जोडि कुल मौज्दात ४ करोड ३ लाख ५३ हजार देखाएकोमा पालिकाको वास्तविक प्राप्ति ४७ करोड ३२ लाख २५ हजार भएकोमा कुल भुक्तानी ५७ करोड ११ लाख ३२ हजार घटाई यस वर्षको न्युन वचत १० करोड ७९ लाख ७ हजार र गत वर्षको वास्तविक मौज्दात १८ करोड ६३ लाख १० हजार जोड्दा वास्तविक मौज्दात ७ करोड ८४ लाख २ हजार रहेकोमा आ व को अन्त्यमा संघ फिर्ता बापत ६ करोड ५० लाख फिर्ता गरी वास्तविक रुपमा अन्तिम मौज्दात रु १ करोड ३४ लाख देखिन्छ । • स्थानीय तहले बैंक समायोजन हिसाव खाता तयार गरेको छैन । • लेखापरीक्षणको क्रममा पेश्की खाता अध्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय व्ययको विवरण यथार्थ मान्न सकिएन । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शीर्षक सम्वन्धि व्यवस्था अवलम्वन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचाको प्रयोग गरी प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन । त्यसैले तोकिए बमोजिम वित्तीय विवरणहरु तथा खाताहरु अधावधिक गरी आय तथा व्ययको वास्तविक अवस्था देखिने गरी लेखाङ्कन गर्नुपर्दछ ।	
१४			**खाता शुन्य**: स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम पालिकाले आ व अन्त्यमा आफ्नो कोष	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>तथा अन्य खाता बाहेक नियमित प्रकारका खर्च खातामा बाँकी रहेको रकम संचित कोषमा ट्रान्सफर गरी खाता शुन्य बनाउनुपर्नेमा यस वर्ष चालू खातामा रु ७६ लाख ९८ हजार र पूँजिगत खातामा रु १ करोड ८१ लाख १७ हजार गरी कुल रु २ करोड ५८ लाख १५ हजार बाँकी रहेकोमा नियमानुसार आ व को अन्त्यमा खाता शुन्य बनाउनुपर्दछ ।
<table>
<tr><td>खाताको प्रकार</td><td>खाता अनुसार बाकी रु</td></tr>
<tr><td>ग २.१, चालू खर्च खाता- विजोर वर्ष</td><td>७६९८१०७.३४</td></tr>
<tr><td>ग २.३, पूँजिगत खर्च खाता- विजोर वर्ष</td><td>१८११७०६९.८</td></tr>
<tr><td></td><td>२५८१५१७७।१४</td></tr>
</table></td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>कर दाखिला को प्रमाण : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ अनुसार सार्वजनिक निकायले भुक्तानी गर्नुपर्ने कर समयमै भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले तयार गरेको म ले प फारम नं २७२ मा कर कट्टी गरेको रु २५ लाख ५४ हजार दाखिला गर्न बाँकी देखाएको छ । पालिकाले उक्त कर दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु</td><td>२,५५४,७९६</td></tr>
<tr><td>१६</td><td></td><td></td><td>बैंक फारम : स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ ।
<table>
<tr><td>खाताको प्रकार</td><td>खाता अनुसार बाकी रु</td></tr>
<tr><td>ग १.१, आन्तरिक राजस्व खाता</td><td>३८८८४७३</td></tr>
<tr><td>ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता</td><td>१४१२६६८१.५६</td></tr>
<tr><td>ग १.३, आन्तरिक अनुदान खाता</td><td>११८४८४५०</td></tr>
<tr><td>ग २.१, चालू खर्च खाता- विजोर वर्ष</td><td>७६९८१०७.३४</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ग २.३, पूँजिगत खर्च खाता- विजोर वर्ष</td><td>१८११७०६९.८</td></tr>
<tr><td>ग ३.१, स्थानीय तह धरौटी खाता</td><td>७३५४३२८.५६</td></tr>
<tr><td>ग ४.१, स्थानीय तह सञ्चित कोष खाता</td><td>९४६७९५०७.६५</td></tr>
<tr><td>ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>१०४१५००</td></tr>
<tr><td>जम्मा</td><td>१५८७५४११८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली :आन्तरिक नियन्त्रण प्रणाली: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा आंशिक मात्र गरेको पाईयो । • रु. २५ हजार भन्दा बढीको रकम चेकमार्फत भुक्तानी गर्नुपर्नेमा कतिपय कारोबारहरु कर्मचारीले पेश्की लिई भरपाई गराउने गरेको पाईयो । • निर्माण कार्यको लागि स्वीकृत म.ले.प.फा.नं.५०३ अनुसारको ढाँचामा नापी किताब नराखी कम्प्युटरबाट तयार गरेको लुजसीटमा नापी विवरण उल्लेख गरी खर्च लेख्ने गरेको पाईयो । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांस योजनामा पालना भएको पाईएन। • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गरेको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन • निजामती सेवा ऐन, २०४९ को वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरी खर्च लेखेको पाईयो । • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
१८			**विशेष तथा समपुरक बजेट खर्च** :स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त गर्ने समपूरक र विशेष अनुदान बापतको रकम वार्षिक कार्यक्रममा समावेश नगरी खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले यस बर्ष संघबाट प्राप्त भएको विशेष अनुदान बापत रु ९२ लाख र प्रदेश सरकारबाट प्राप्त भएको विशेष अनुदान बापत रु ३४ लाख ५० हजार समपुरक अनुदान बापत रु १ करोड ९९ लाख ६९ हजार गरी कुल विशेष तथा समपुरक अनुदान बापत रु ३ करोड २६ लाख १९ हजार रकम बार्षिक	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कार्यक्रममा समावेश गरी खर्च गर्नुपर्नेमा पालिकाले यस बर्षमा स्पष्ट योजनाको किटान नगरी खर्च गरेको हुदा यस प्रकारको खर्च गर्ने परिपाटीमा सुधार गरिनुपर्दछ ।	
१९			**प्रदेश फिर्ता** : ✍ .... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।०७ को निर्णयबाट रु.८२२१८६४ ।- सम्परीक्षण गरिएको ।)*	०
२०			**अवण्डा बजेट** :स्थानीय क्षेत्रगत बजेट , सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष वडा तथा कार्यालय संचालन खर्च शिर्षकमा रु १ करोड २० लाख , बुलेटिन प्रकासन तथा किताव छपाई शिर्षकमा रु १५ लाख , शिक्षा सम्वन्धि विभिन्न कार्याक्रम शिर्षकमा रु १ करोड १८ लाख , प्रकोप व्यवस्थापन शिर्षकमा रु २४ लाख र अन्य पूँजिगत खर्च शिर्षकमा रु ८ करोड गरी कुल रु १२ करोड ९५ लाख ७० हजार अवण्डा शिर्षकमा बजेट राखी खर्च गरेको छ । पालिका स्पष्ट रुपमा बजेटलाई कार्यक्रमसँग टाइ अप गरेर खर्च गर्नुपर्दछ ।	
२१			**रकमान्तर** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा विशेष परिस्थिति बेगर आ व को अन्यमा रकमान्तर गर्न नहुने व्यवस्था रहेको छ । पालिकाले आ व को अन्त्यमा विभिन्न ३ वटा शिर्षक पूजिगत परामर्श खर्च शिर्षकमा रु २८ लाख , विविध खर्चमा रु ७ लाख र अन्य पूजिगत जस्तो अवण्डा जस्तो खातामा रकम विनियोजन गरी रु १५ करोड २८ लाख खर्ख गरेको छ । पालिकाले यस प्रकारको खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	
२२			**त्रैमामासिक प्रगति विवरण** :आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।नियमानुसार कार्यालयले त्रैमासिक विवरण तयार नगरी चैमासिक विवरण पेश गरेको छ । अत त्रैमासिक रुपमा खर्च र प्रगति विवरण विवरण तयार गर्नुपर्दछ ।	
२३			**बजेट पेश तथा पारित** :स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा २०७८/३/१० मा नीति तथा कार्यक्रम र बजेट पेश भई २०७८/३/१९ मा स्वीकृत गरी प्रमुखले २०७९/४/५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। यस पालिकाले यस बर्ष रु. ६७ करोड ५७ लाख १६ हजार अनुमान गरेको को बजेट पारित गरेको छ ।	
२४			**बर्षान्तमा खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्चको औचित्यको आधारमा रकम भुक्तानी दिनुपर्नेमा भौ.न.४१४ बाट पालिकाले आ.व.को अन्त्यमा कार्यसञ्चालन शिर्षकबाट रु.९८५०००।- खर्च गरेको छ । पालिकाले खरिद नियमावली अनुरुप खरिद योजना तयार गरी आवश्यक अनुसार समयमै खरिद कार्य गरी सरकारी खर्च कार्यलाई मितव्ययिता कायम गर्नुपर्दछ ।	
२५			**महङ्गी भत्ता-** करार सम्झौताद्धारा नियुक्त हुने कर्मचारीको सेवा सुविधा सम्वन्धमा सामान्य प्रशासन मन्त्रालयको च.न. २१७, मिति २०७४।१।२५ को जानकारी पत्रनुसार करारका कर्मचारीहरुलाई महङ्गीभत्ता तथा स्थानीय भत्ता दिने व्यवस्था देखिन्दैन पालिकाले व्यवस्था विपरित करार सम्झौतामा महङ्गी भत्ता र स्थानीय भत्ता दिने उल्लेख गरी कर्मचारीहरुलाई महङ्गी भत्ता र स्थानीय भत्ता वितरण गरेको छ । पालिकाले करार कर्मचारीको सम्झौतामा नै महङ्गी भत्ता बापत प्रति महिना रु. २०००।–का दरले ३४ जना कर्मचारीलाइ २०७८ श्रावण देखि पौष सम्म रु. ४०८०००।–भुक्तानी गरी थप व्यय भार पारेको छ ।आन्तरिक स्रोतलाइ समेत ध्यान दिइ नियम अनुसार सम्झौता गरी सेवा सुविधा उपलब्ध गराई पालिकालाई थप व्ययभार परेको रु.	४०८,०००
२६			**भ्रमण आदेश स्वयम द्धारा स्वीकृत-** ✂ .... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२२ को निर्णयबाट रु.७५९०० ।- सम्परीक्षण गरिएको ।)*	०
२७			**आकस्मिक लाभ कर-** आयकर ऐन २०५८, बमोजिम आकस्मिक लाभमा(पुरस्कार) को भुक्तानी रकममा २५ प्रतिशतका दरले अग्रीम आयकर कट्टा गर्नुपर्ने व्यवस्था छ । अन्तर वडास्तरिय खेलकुद प्रतियोगितामा विजेता प्रतियोगी देहायका सहभागी टिमलाई अग्रिम कर कट्टा नगरी रु. ३१९४२०।–भुक्तानी दिएकोले नियमअनुसार अग्रिक कर वापत असुल गर्नु पर्ने रु. गो.भौ.न./ मिति | विजेताको नाम | पुरस्कार रकम | कर कट्टा नगरेको रकम	७९,८५५

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>३१२।०२।१९</td><td>भलिवल टिम</td><td>११४४२०</td><td>२८६०५</td></tr>
<tr><td>२०७।१२।०७</td><td>संजिव गुरुङ्</td><td>८००००</td><td>२००००</td></tr>
<tr><td>२०७।१२।०७</td><td>विष्णु वस्नेत</td><td>६५०००</td><td>१६२५०</td></tr>
<tr><td>२०७।१२।०७</td><td>राजेश दर्जी</td><td>४००००</td><td>१००००</td></tr>
<tr><td>२०७।१२।०७</td><td>शम्भु कुमार सुनाल</td><td>२००००</td><td>५०००</td></tr>
<tr><td></td><td>जम्मा रकम</td><td>३१९४२०</td><td>७९८५५</td></tr>
</table></td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>खेलकुद- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ मा रकम खर्च गर्दा कार्यक्रमको सीमा भित्र रही गर्नुपर्ने व्यवस्था छ । पालिकाको चालु कार्यक्रम अन्तर्गत वार्ड कार्यालय बाट विभिन्न कार्यहरु संचालन तथा स्टेशनरी खर्च गरेवापत वार्ड अध्यक्षको सिफारीसमा वार्डसचिव बाट शोधभर्ना भुक्तानी दिएको पाईयो । रकम खर्चगर्दा स्वीकृत कार्यक्रम भित्ररही पालिका वाटै खर्च गर्नुपर्नेमा पालिकाबाट पूर्व स्वीकृती नलिई खर्च गर्दा एकातिर संचालन खर्चमा बृद्धि भएको छ भने अर्कोतर्फ वार्डबाट खर्च भै माग गरेका कार्यक्रमको उपलव्धि सम्वन्धमा समेत सुनिश्चित हुने अवस्था नदेखिदा पालिकाको कार्यक्रम मै समावेस गरी वार्डबाट खर्चगर्ने कार्यलाई निरुत्साहीत गर्नुपर्दछ । त्यससम्वन्धि केही उदाहरण निम्नानुसार छन् ।
<table>
<tr><th>गो.भौ.न./ मिति</th><th>वार्ड नं.</th><th>भुक्तानी रकम</th><th>भुक्तानीको व्यहोरा</th></tr>
<tr><td>२०९।१२।०७</td><td>६</td><td>४९९०००</td><td>वडा नं. ६ खेलकुद</td></tr>
<tr><td>१६२।०१।१३</td><td>१</td><td>१००३५०</td><td>खेलकुद</td></tr>
<tr><td>१७२।०१।२३</td><td>५</td><td>१४८९९०</td><td>वडा स्तरिय खेलकुद</td></tr>
<tr><td>३१२।०२।१९</td><td>३</td><td>५०००००</td><td>वडा स्तरिय खेलकुद मैदान</td></tr>
<tr><td>३२२।०२।१९</td><td>३</td><td>५०००००</td><td>खेलकुद मैदान स्तरोन्नती</td></tr>
</table></td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>जरिवान- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा खर्च गर्ने तरिका सम्वन्धमा भएको व्यवस्था अनुसार सरकारी सम्पतीको प्रयोग एवं खर्च गर्दा</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मितव्ययिता अपनाउनुपर्ने उल्लेख छ । गो.भौ.न./ मिति कार्यलयमा प्राप्त वजेटको व्यवस्था हुदा हुदै देहाय बमोजिमका सवारी साधनहरु नविकरण गर्दा निम्ननुसार जरिवाना वापत रु. ४८८९०।- भुक्तानी गरेकोले समयमानै सवै सवारी साधनको नविकरण नगरेको रु.
<table>
<tr><th>सि.नं.</th><th>सवारी साधन नं.</th><th>जरिवाना</th></tr>
<tr><td>१</td><td>००२ बा ९९६५</td><td>३९३०</td></tr>
<tr><td>२</td><td>००३-क-१२२४</td><td>४४९६०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४८८९०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>गत वर्षको भुक्तानी

✂ .... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२२ को निर्णयबाट रु.१७५५०० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>पदाधिकारीको भ्रमण खर्च- बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५(पहिलो संशोधन समेत) को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनुसूची १ मा उल्लेख भएका सुविधा मात्र पाउने उल्लेख छ भने सोही ऐनको दफा(७)१ मा आफ्नो कार्यक्षेत्र बाहिर भ्रमण गर्दा भ्रमण भत्ता पाउने व्यवस्था छ । पालिकाका देहायका पदाधिकाले आफ्नो कार्यक्षेत्र भित्र भ्रमण गर्दा लिएको भ्रमण भत्ता नियम संगत नदेखिएको रु
<table>
<tr><th>गो.भौ.न./ मिति</th><th>पदाधिकारी</th><th>भ्रमण गरेको स्थान</th><th>भ्रमण मिति</th><th>रकम</th></tr>
<tr><td>५५/०७८।०८।२०</td><td>उपाध्यक्ष श्री उर्मिला कार्की</td><td>प्रिति, कुदि,बाम्दी,गुम्देल</td><td>२०७८।४।२१-४।२७</td><td>१००००</td></tr>
<tr><td>५५/०८।२०</td><td>उपाध्यक्ष श्री उर्मिला कार्की</td><td>प्रिति, कुदि,बाम्दी,गुम्देल</td><td>२०७८।६।१३-६।१९</td><td>१००००</td></tr>
</table></td><td>६५,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५५/०८।२०</td><td>उपाध्यक्ष श्री उर्मिला कार्की</td><td>प्रिति, कुदि,बाम्दी,गुम्देल</td><td>२०७८।६।१३-५।२९</td><td>१००००</td></tr>
<tr><td>५५/०८।२०</td><td>उपाध्यक्ष श्री उर्मिला कार्की</td><td>प्रिति, कुदि,बाम्दी,गुम्देल</td><td>२०७८।५।२३-५।२९</td><td>१००००</td></tr>
<tr><td>५५/०८।२०</td><td>उपाध्यक्ष श्री उर्मिला कार्की</td><td>प्रिति, कुदि,बाम्दी,गुम्देल</td><td>२०७८।५।१३-५।१९</td><td>१००००</td></tr>
<tr><td rowspan="2">६०/०७८।०८।२१</td><td rowspan="2">श्री वडाध्यक्ष रुद्रमणि नेवार</td><td rowspan="2">भुजी- उमाकुण्ड</td><td>०७८।६।२४-०६।३०</td><td>७५००</td></tr>
<tr><td>०७८।५।२१- ०५।२७</td><td>७५००</td></tr>
<tr><td></td><td colspan="3">जम्मा</td><td>६५०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>लागत अनुमान :आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(८) अनुसार सार्वजनिक निकायले तालिम गोष्ठी तथा सेमिनार सञ्चालन गर्नुपुर्व जिम्मेवार पदाधिकारीबाट कार्यक्रमको लागत अनुमान स्विकृत गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धमा पालिका तथा वडा कार्यलयका कर्मचारी तथा पदाधिकारीको लागि कार्यक्रम सञ्चालन गरेको भनि गो भौ नं २०५।२०७९।३।२१ बाट रु ७६१०० उपलब्ध गराएकोमा नियमावली बमोजिम लागत अनुमान स्वीकृत नगराएको ,कार्यक्रमको दैनिकी तालिका पेश नगरीकनै भुक्तानी गरी अनियमित भएको रु</td><td>७६,१००</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>जिन्सी दाखिला :आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ९५ अनुसार सार्वजनिक निकायलाई जुनसुकै माध्यमबाट प्राप्त भएको जिन्सी तथा मालसामान प्राप्त भएको मितिले ७ दिनभित्र आम्दानी जनाई जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं ३७।२०७८।९।२१ बाट करुवा बुट्टे ठुलो ६ थान रु २५२० का दरले रु १५१२० र गणेशको मुर्ति २ थान रु ३९० का दरले रु ४७८० गरी जम्मा १९९०० को जिन्सी दाखिला भएको छैन ।नियमबिपरीत जिन्सी दाखिलावेगर भुक्तनी गरी अनियमित भएको रु</td><td>१९,९००</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>महगी भत्ता तथा स्थानीय भत्ता :करार सम्झौताद्वारा नियुक्त हुने कर्मचारीको सेवा सुविधा सम्वन्धमा सामान्य प्रशासन मन्त्रालयको च नं २१७ मिति २०७४।१।२५ को पत्रानुसार करारको कर्मचारीलाई महगी भत्ता तथा स्थानिय भत्ता दिने उल्लेख छैन । पालिकाले यस वर्ष स्वास्थ्यर्फका ३१ जना करार कर्मचारीलाई महगि भत्ता तथा स्थानिय भत्ता वापत साउन भदौ र असोज महिनाको क्रमश रु १८६०० र रु ७०८९० गरी रु२५६८९० भुक्तानी गरेको छ । नियमविपरीत भुक्तानी दिएको रकम असुल गरी दाखिला हुनुपर्ने रु</td><td>२५६,८९०</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>दोहोरो सुविधा :</td><td>०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			✍ .... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९/१२/०७ को निर्णयबाट रु.११००० /- सम्परीक्षण गरिएको /)*	
३६			**महगी भत्ता तथा स्थानीय भत्ता** :करार सम्झौताद्वारा नियुक्त हुने कर्मचारीको सेवा सुविधा सम्वन्धमा सामान्य प्रशासन मन्त्रालयको च नं २१७ मिति २०७४।१।२५ को पत्रानुसार करारको कर्मचारीलाई महगी भत्ता तथा स्थानिय भत्ता दिने उल्लेख छैन ।पालिकाले साउन भदौ र असोज महिनाको लागि MIS अपरेटर लगायत फिल्ड सहायक २ जना ,वित्तिय ,मनो, उद्यम विकास सहायक २ जनालाई क्रमश २७९० र २४९० का दरले ७ जनाको स्थानीय भत्तावापत रु १८९३० खर्च लेखेको छ । नियमविपरीत भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने देखीएको रु	१८,९३०
३७			**नाफामुलक संस्था अनुदान** :स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहले नाफामुलक संस्था तथा क्षेत्रमा लगानी गर्न नहुने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका नाफामुलक संस्थामा लगानी गरी अनियमित भएको रु गो भौ नं /मिति ; संस्थाको नाम ; निर्माण कार्य ; भुक्तानी भएको रकम ३६७।२०७९।३।३ ; चुप्लु फाउन्डेसन रेडियो ; शौचालय निर्माण ; २८७७८४ ४५४।२०७९।३।१९ ; सिर्जनशिल स्टार युवा क्लव ; खेलकुद आयोजना ; ९०००००	१,१८७,७८४
३८			**समपुरक योजना** :प्रदेश समपूरक अनुदान सम्वन्धि कार्यविधि २०७७ को बुँदा नं ३ अनुसार प्रदेश सरकारले स्थानीय तहबाट सञ्चालन गरिने सडक ,आकाशे पुल ,खानेपानी पानी सुविधा पुर्याउन सञ्चालन गरिने आयोजना लगायतका कार्यक्रममा रकम खर्च गर्नुपर्ने साथै बुँदा नं ६ अनुसार स्थानीय तहले आयोजना तथा कार्यक्रमको आवश्यकता औचित्यता ,उक्त आयोजनाको नक्सा डिजाईन ,स्पेशिफिकेसन ,विस्तृत विवरण तयार गरी पालिकाले समपूरक अनुदानमा कार्यन्वयन गर्ने योजनालाई अनुसुचि २ बमोजिमको ढाँचामा विवरण पेश गर्नुपर्ने साथै बुँदा नं ८ अनुसार समपूरक अनुदान जुन आयोजना तथा कार्यक्रममा उपलब्ध गराईएको हो सोही योजना तथा कार्यक्रममा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष समपूरक योजना अन्तर्गत उमाकुण्ड खानेपानी योजनाको नाममा बजेट परेको भनि माथी उल्लेखित प्रक्रिया पुरा नगरीकनै खानेपानी योजनाको लागी भनि पाईप खरिद कार्यको लागत अनुमन तयार गरी विद्युतिय बोलपत्रको माध्यमबाट ठेक्का आव्हान गरेकोमा सारभूत रुपमा उपयुक्त ठहर भएको बुद्ध कन्स्ट्रक्सन प्रा लि सँग रु १ करोड ६४ लाख ४३ हजारमा सम्झौता गरी पाईप आपूर्ति गरेको भनि पालिकाको आन्तरिक बजेटको गो भौनं ५२४।२०७९।३।२५ बाट रु ३२३४५८५.३४ र प्रदेश समपूरक बजेटको गो भौ नं ५।२०७८।१२।८ बाट रु ५९७४५०० र गो भौ नं १५।२०७९।२।२१ बाट रु ४८२९५४० गरी कुल रु १४०३८५३५ भुक्तानी दिएको श्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा	१४,०३८,५३५

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>देखियो ।

क) प्रदेश समपूरक अनुदानसम्वन्धि कार्यविधि २०७७ को बुँदा नं ८ अनुसार निर्माण गरीने आयोजनाको विस्तृत अध्ययन गरी सो को डिटेल रिपोर्टको आधारमा योजनाको कार्यहरु गर्नुपर्नेमा सो नगरीकनै खानेपानी योजना व्यवस्थापन शिर्षकमा बजेट विनियोजन भएको भनि प्रदेशबाट प्राप्त बजेटको सम्पुर्ण रकमको पाईप किनि लेखापरिक्षणको अवधिमा समेत कार्यालय परिसरमा अलपत्र रुपमा मौज्दात रहेको देखियो । कार्यविधि अनुसार कार्यक्रम नगरी अनियमिन भएको रु

ख) योजनाको विस्तृत अध्ययन प्रतिवेदनको आधारमा यस वर्ष उक्त आयोजना सम्पन्न गर्न तोकिएको बाँकी कार्यको लागी बजेट सुनिश्चित गर्नुपर्नेमा पालिकाले यस सम्बन्धमा कुनै पनि बजेट विनियोजन नगरी गत वर्ष खरिद गरेको पाईपको प्रयोग हुने कार्यमा शंका उब्जाएको हुँदा पालिकाले बजेट विनियोजन गरी समयमै परियोजना सम्पन्न गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>विद्यालय निर्माण :सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा सार्वजनिक निकायले कुन कुन कार्य गर्ने हो सो को आधारमा लागत अनुमान तयार गरी कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले गो भौ नं ३७६।२०७९।३।४ बाट श्री भुमेश्वर आ वि जगलाई रु ३८१५११ भुक्तानी भएकोमा उक्त भवनको साथ पेश भएको फोटो साढे २ तला निर्मित भवनको फोटो रहेकोमा पालिकाबाट भुक्तानी भएको अनुदान रकमले मात्र त्यति ठूलो संरचना निर्माण गर्न अपुग हुने हुँदा विद्यालयले कुन कुन क्षेत्रबाट रकम प्राप्त गरी उक्त निर्माण कार्यमा लगानी गरेको हो सो को एकिन विवरण पेश भएको छैन । पालिकाबाट प्रदान गरेको अनुदानबाट सम्वन्धित भवनको कुन कुन भाग निर्माण गरेको हो सो कुरा खुल्ने प्रमाण पेश गर्नुपर्ने रु</td><td>३८,५११</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>डि पि आर प्रतिवेदन :स्थानीय तहले बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

<table><tr><th>क स</th><th>कार्यक्रमको नाम</th><th>परामर्शदाता</th><th>खर्च रकम</th></tr><tr><td>१</td><td>वाम्ति रिङरोड डी पी आर तयारी</td><td>कविर फिट प्रा लि</td><td>४९७०००</td></tr></table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			<table><tr><td></td><td></td><td></td><td></td></tr><tr><td>२</td><td>च्यादालु अफिसडाँडा डि पि आर तयारी</td><td>निकोसिम्प्रिक कन्सल्टेन्सी प्रा लि</td><td>२९८३२०</td></tr><tr><td>३</td><td>रेडियो कैरन</td><td>इन्क्लुसिभ मिडिया फाउन्डेसन</td><td>३०००००</td></tr><tr><td>४</td><td>आवधिक योजना निर्माण</td><td>पहाडी समाज कल्याण केन्द्र</td><td>१४९८६९२</td></tr><tr><td>५</td><td>पर्यटकीय प्रोफाईल निर्माण</td><td>नुम्वुर मिडिया सर्भिस प्रा लि</td><td>९९००००</td></tr></table> क) डी.पी.आर. तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । ख) परामर्शदातालाई दिएको टर्म अफ रिफरेन्समा ड्राफ्ट रिपोर्ट एक प्रति, फाइनल रिपोर्ट २ प्रति बुझाउनुपर्ने र भुक्तानी तरिकामा ३० प्रतिशत भुक्तानी फिल्ड र डाटा पेश भएपछि, ५० प्रतिशत भुक्तानी ड्राफ्ट रिपोर्ट पेश भएपछि र २० प्रतिशत भुक्तानी अन्तिम प्रतिवेदन पेश भएपछि हुने उल्लेख छ। एकै पटक भुक्तानी भएको आधारमा फिल्ड प्रतिवेदन र ड्राफ्ट प्रतिवेदन प्राप्त भई सो उपर छलफल राय सुझाव सहित अन्तिम प्रतिवेदन पेश भएको सम्बन्धमा विश्वस्त हुने आधार देखिएन । ग) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१(७) मा परामर्शदाताले सम्झौता गरेको ३० दिनभित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व विमाको प्रमाण पेश गर्नुपर्ने तथा उपनियम ८ बमोजिम त्यस्तो सम्झौता गर्ने परामर्शदाताले तोकिएको म्याद भित्र पेशागत दायित्व बिमा दाखिला नगरेमा सार्वजनिक निकायले त्यस्तो खरिद सम्झौताको अन्त्य गरी निजलाई कालो सुचिमा राख्न सम्वन्धित निकायमा सिफारिस गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सो व्यवस्था विपरित डी पी आर निर्माण कार्यको कुनै पनि योजनामा पेशागत दायित्व विमा गरेको देखिएन । आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ ।	
४१			**पूर्व निर्धारित क्षतिपूर्ति** :सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१को (क)अनुसार आपुर्तिकर्ता तथा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकीएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी साधारण तया प्रतिदिन सम्झौता रकमको ०.०५प्रतिशतका दरले पुर्व निर्धारित क्षतिपुर्ति दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले ठेक्का नं ८।२०७८।७९ को बुर्थावरी साप्सुखोला ट्रायल ब्रिजको लागी सामान खरिद गर्नको लागी रु ३५४९६३३.४९ को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेकोमा एस के ईन्जिनियरिङ ईन्डस्ट्रिजले ठेक्का सम्झौता गरेको १ महिना भित्र सामान सप्लाई गर्ने भनि रु	२६,२३०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>१५४२९९१ मा कवोल गरी मिति २०७८।९।२० मा सम्झौता गरेको छ । सम्झौता अनुसार २०७८।१०।२० सामान सप्लाई गरिसक्नुपर्नेमा २०७८।११।१६ को सामान निर्यातको विल तयार गरी २०७८।११।२२ को चलान भएको छ । जस अनुसार १ महिना ढिला सामान आपुर्ति गरी सम्झौता रकम १५४२९९१ को ३४ दिनको लागी ०.०५ प्रतिशतका दरले हुन आउने रु २६२३० पूर्व निर्धारित क्षतिपूर्ति बापतको रकम असुल गरी दाखिला गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>बढी भुक्तानी :सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले स्वीकृत दर रेटको आधारमा निर्माण कार्यको भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसार निर्माण कार्यको भुक्तानी गर्दा स्वीकृत दर रेट भन्दा बढि दरमा भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु
<table>
<tr><th>गो भौ नं / मिति</th><th>निर्माण कार्य</th><th>उपभोक्ता समिति</th><th>भुक्तानी भएको कम्पोनेन्ट</th><th>भुक्तानी परिमाण</th><th>स्वीकृत दर</th><th>भुक्तानी दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>३७६।२०७९।३।४</td><td>विद्यालय भवन निर्माण</td><td>भुमेश्वर आ वि निर्माण उ स</td><td>आर सि सि वर्क</td><td>६.८२</td><td>११८९१</td><td>१३२५५</td><td>९३०२</td></tr>
<tr><td></td><td></td><td></td><td>फर्म वर्क</td><td>५३.९५</td><td>६०४</td><td>१०९२.१६</td><td>२६३३६</td></tr>
</table></td><td>३५,६३८</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>हेभी इकुप्मेन्टको प्रयोग :सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :
<table>
<tr><th>गो भौ नं र मिति</th><th>निर्माण कार्य</th><th>उ स को नाम</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२८४।०७९।१।७</td><td>सडक निर्माण</td><td>वडा नं ७ बाटो सरसफाई तथा मर्मत उ स</td><td>१९९८१०</td><td>डोजर तथा एक्साभेटको प्रयोग</td></tr>
<tr><td>३३०।०७९।२।१७</td><td>सडक निर्माण</td><td>गुम्देल सडक निर्माण उ स</td><td>१०९९५२७</td><td></td></tr>
<tr><td>७९।०७८।११।१७</td><td>सडक निर्माण</td><td>चरी कोरेन सडक निर्माण उ स</td><td>३९८६४६</td><td></td></tr>
<tr><td>३२८।०७९।११।१७</td><td>झरेनी ग्याभ्रि भित्ता सडक निर्माण वडा न २</td><td>झरेनी ग्याभ्रि भित्ता सडक निर्माण वडा न २ उ स</td><td>१९९२००</td><td></td></tr>
<tr><td>१९२।०७८।१२।२१</td><td>सापु बाम्ती सडक मर्मत</td><td>सापु बाम्ती सडक मर्मत</td><td>१९९१९०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>कृषि अनुदानः

✂ .... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।०७ को निर्णयबाट रु.४१५४४६५ ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>प्रमाण बेगर भुक्तानी :आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा विल भरपाई तथा प्रमाणका आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका निर्माण कार्यको भुक्तानी गर्दा आवश्यक विल भरपाई तथा प्रमाण पेश नगरि भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>गो भौनं /मिति</th><th>निर्माण व्यवसायी</th><th>भुक्तानी भएको कम्पोनेन्ट</th><th>भुक्तानी भएको रकम</th><th>कैफियत</th></tr>
<tr><td>२५।२०७९।३।२५</td><td>धुम्र बराह कन्स्ट्रक्सन प्रा लि</td><td>पि एस आइटममा
dismalting of exiting boundary</td><td>६०००००</td><td>विल पेश नभएको</td></tr>
</table>
</td><td>६००,०००</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>पूर्वनिर्धारित क्षतिपूर्तिः

✂ .... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२२ को निर्णयबाट रु.११४९४६ ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४७			**मूर्ति खरिद** :क) लागत अनुमान वेगर निर्माँण कार्यको भुक्तानी : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले लागत अनुमान स्वीकृत गरी सो आधारमा तयार गरेको कार्यसम्पन्न प्रतिवेदन अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पर्यटन तथा सांस्कृतिक संरक्षण कार्यक्रमको लागी संस्कृति संरक्षण कार्यक्रम उपभोक्ता समिति गठन गरी कार्य सम्पन्न गरेको आधारमा गो भौ नं ३५८।२०७९।३। २ बाट रु ७८३७१० भुक्तानी भएकोमा शिवको ३ फिट अग्लो मुर्ति निर्माण गरेको भनि ३००००० र ठूलो घण्टा खरिद गरेको भनि ८०००० गरी जम्मा रु ३८०००० को लागत अनुमान वेगर सामान निर्यात गरेको भनि सिद्धि रत्न ताम्राकारको विलमा रकम भुक्तानी भएको छ । नियमानुसार लागत अनुमान वेगर भुक्तानी भएको रु ख) माथि उल्लेखित निर्माण कार्यको लागी वडा नं ३ को वडा स्तरिय खेलकुद मैदान स्तरोन्नती कार्यको लागी विनियोजन भएको रु २००००० समेत रकामान्तर नगरीकनै पर्यटन तथा संस्कृति संरक्षण कार्यको लागी रकम खर्च गरेको छ । नियम विपरित एक शिर्षकमा विनियोजन गरेको रकम अर्को शिर्षकमा खर्च गरी अनियमित भएको रु	२००,०००
४८			**प्रमाण पेश** : .... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।०७ को निर्णयबाट रु.४६९६६४ ।- सम्परीक्षण गरिएको ।)*	०
४९			**म्यानुल रेट** :सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले स्वीकृत दर रेटको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं ५०८।२०७९।३।२४ बाट नाजिङ फाक्सिङ भ्यु टावर निर्माण उ स लाई रु ७६६८५३ भुक्तानी गरेकोमा मान्छेद्वारा जग खनेको भनि २०९ घ मि लाई रु ७०२ का दरले रु १४७३९७ भुक्तानी दिएकोमा उक्त जग खन्ने कार्य मेशिनले गरेको श्रेस्ता साथ पेश भएको फोटो बाट देखिएको हुँदा मेशिन प्रयोग गरेकोमा भुक्तानी हुनुपर्ने दर ८९ बाहेक बढी भुक्तानी भएको रु २२८११७ असुल गरी दाखिला गर्नुपर्ने रु	२२८,११७
५०			**ग्रिल वेगर भुक्तानी** :आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा प्रमाण कागजातका आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं ४०८।२०७९।३।१२ बाट चर्च भवनको शौचालय निर्माण उपभोक्ता समितिलाई शौचालय निर्माण गरेको भनि रु १३६५८१९ भुक्तानी दिएकोमा कार्यसम्पन्न प्रतिवेदनमा ग्रिलको निर्माण कार्य भएको भनि १५० किलो ग्रिलको रु १३५ का दरले रु २०२५० भुक्तानी भएकोमा श्रेस्ताको साथ पेश भएको फोटोमा शौचालय निर्माण क्रममा ग्रिल हालेको नदेखिएको कारण ग्रिल	२०,२५०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			बापतको भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु	
५१			**शिर्षक फरक पारी खर्च** : .... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२२ को निर्णयबाट रु.१०००००।- सम्परीक्षण गरिएको ।)*	०
५२			**औजार वितरण गरेको प्रमाण** : .... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।०७ को निर्णयबाट रु.१८८९२४७।- सम्परीक्षण गरिएको ।)*	०
५३			**ठेकेदारबाट निर्माण कार्य** : .... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२२ को निर्णयबाट रु.२३५३२२५।- सम्परीक्षण गरिएको ।)*	०
५४			**कार्यसम्पन्न प्रतिवेदन** :सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायले कार्य स्वीकार प्रतिवेदन तयार गरी सो को आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको खरिद कार्यमा नापि किताव तयार गरी सो को आधारमा तयार गरीएको कार्य स्वीकार प्रतिवेदन वेगर भुक्तानी गरेको हुँदा कार्य स्वीकार प्रतिवेदन पेश गर्नुपर्ने रु	

गो भौनं/ मिति	उ स को नाम	खरिद कार्य	भुक्तानी रकम
५०२।२०७९।३।२३	वडा नं ३ पाईप खरिद उ स	पाईप खरिद	४४९९९०
४५३।२०७९।३।१९	ढुङ्गे सिचाई योजना पाईप खरिद उ स	पाईप खरिद	३५६८३२
४२०।२०७९।३।१३	चुलेपु हाइड्रो पावर पाईप खरिद उ स	पाईप खरिद	१४८६३६

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>११०।२०७८।११।२४</td><td>सुर्के खोला दिम्रु बाम्ति समग्र सिचाई पाईप खरिद उ स</td><td>पाईप खरिद</td><td>३४२२७०</td></tr>
<tr><td>१६३।२०७८।१२।६</td><td>श्री शुभ लक्ष्मी हार्डवेयर तथा सप्लायर्स</td><td>पाईप खरिद</td><td>१२८३०९</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२५७८०३७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>प्रमाण :

✄ .... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।०७ को निर्णयबाट रु.७८२००० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>विमा

✄ .... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।०७ को निर्णयबाट रु.११२६७८० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>अमानतबाट निर्माण कार्य :

✄ .... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२२ को निर्णयबाट रु.२११७७५ ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>प्रमाण बेगर भुक्तानी :आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायित्व नियमावली २०७७ को नियम ३९(८) अनुसार सार्वजनिक निकायले कार्यक्रम स्वीकृत गरी समापन पश्चात कार्यक्रमको सम्पुर्ण विवरण समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई पेश गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले निम्नानुसार कार्यक्रम सञ्चालन गरी भुक्तानी भएकोमा पालिकाको प्रगति प्रतिवेदन पेश भएको छैन । कार्यक्रमको प्रगति प्रतिवेदन वेगर भुक्तानी भएको रु

<table>
<tr><td>गो भौ नं /मिति</td><td>कार्यक्रम</td><td>कार्यक्रम प्रस्तुतकर्ता</td><td>भुक्तानी रकम</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>४५४।२०७९।३।१९</td><td>खेलकुद महोत्सव</td><td>सिर्जनशिल स्टार युवा क्लव</td><td>९०००००</td></tr>
<tr><td>४०९।२०७९।३।१२</td><td>बयर बोका खरिद तथा वितरण</td><td>युवा अभियान बहुउद्वेश्यीय एग्रोफार्म तथा स्रोत केन्द्र प्रा लि</td><td>१९२६७८०</td></tr>
<tr><td>४५८।२०७९।३।२०</td><td>IMIS सम्वन्धि तालिम</td><td>डावा शेर्पा</td><td>२२९३४०</td></tr>
<tr><td>४६१।२०७९।३।२१</td><td>साहित्यिक कार्यक्रम सञ्चालन</td><td>सामुदायिक रुपान्तरण नेपाल</td><td>१९८०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>प्रमाण :आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा प्रमाण कागजातका आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले गो भौ नं ४२१।२०७९।३।१३ बाट महिला भवन निर्माण वडा नं ६ र अन्य पुँजिगत खर्च शिर्षकबाट क्रमश ७००००० र ९९००० गरी रु ७९९००० गुसेश्वरी महिला सेवा समाजलाई भुक्तानी गरेकोमा भवन निर्माण कार्यको लागी डण्डी ७५१ किलो रु २२१.९१ का दरले भुक्तानी भएकोमा ५४० किलोको मात्र विल पेश गरेको हुँदा विलभन्दा बढी भुक्तानी भएको रु १३३१० असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>१३,३१०</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>बैक जमानत भेरिफिकेसन :सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(१) अनुसार सार्वजनिक निकायले सम्झौता कवोल गर्ने निर्माण व्यवसायी तथा आपूर्तिकर्ताले सम्झौता गर्नुपूर्व पेश गरीएको कार्यसम्पादन जमानत पत्रलाई जारी गर्ने सम्वन्धित बैकबाट प्रमाणिकरण गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाको ठेक्का नं ४।२०७८।७९ को निर्माण कार्य सम्पन्न गर्न रु २५१७३७९.६२ रकम कवोल गर्ने गोकुलगंगा विल्डर्स ले २०७९ असार मसान्तसम्म निर्माण कार्य सम्पन्न गर्ने भनि कृषि विकास बैकको पी भि नं PB/2079/0161/5689/21 को रु ९२२००० को कार्यसम्पादन जमानतमा मिति २०८०।४।१६ सम्म म्याद रहेको भनि कार्यालयमा पेश गरेकोमा लेखापरीक्षण अवधिमा कार्यसम्पादन जमानत जारी गर्ने कृषी विकास बैकको आधिकारिक वेव साईटमा चेक गर्दा उक्त कार्यसम्पादन जमानत २०२२।५।३० अर्थात २०७९।२।१६ मा समाप्त हुने उल्लेख गरेको भेटियो । यसरी आधिकारिक निकायबाट झुटो विवरण संलग्न गरी सार्वजनिक निकायको सम्पत्ति संरक्षण गर्नमा व्यवधान पुर्याउने सम्वन्धित बैकलाई कारबाहीको दायरामा ल्याउनुपर्ने रु</td><td>९२२,०००</td></tr>
<tr><td>६१</td><td></td><td></td><td>बढी भुक्तानी :पालिकाले ठेक्का नं २।२०७७।७८ को लागि रु ६९३४०४४० लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेकोमा रु ४२४२८७१९ कवोल गर्ने मोतिदान कन्स्ट्रक्सनलाई मिति २०७८।३।३१ सम्म निर्माण कार्य सम्पन्न गर्ने भनि २०७७।१२।१ मा सम्झौता गरी भुक्तानी भएको श्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार प्रमाण कागजातको औचित्यको आधारमा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले माथि उल्लेखित निर्माण</td><td>२४२,०४७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्य गर्नको लागी रु ४१००६३८४.८९ को कुल कार्यसम्पन्न भएकोमा गत वर्ष तथा यस बर्ष गरी ३ वटा रनिङ विल बाट रु ४१२४८४३२ भुक्तानी गरी रु २४२०४७ बढी भुक्तानी दिएको हुँदा बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>विमा बेगर भुक्तानी :सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२(४) मा सार्वजनिक निकायले मालसामान खरिद गर्दा सामान आपुर्तिकर्ताले सि. आई.पि (क्यारिज एण्ड ईन्सुरेन्स पेड टु) अन्तर्गत खरिद मालसामान मूल्यको ११० प्रतिशत रकम बराबरको गोदाम देखि गोदामसम्म युद्ध हड्ताल आगजनीसमेतको सवै जोखिम व्यहोर्ने गरी विमा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको मालसामन खरिद गरी भुक्तानी गर्दा सि आई पि बिमा बापतको प्रमाण पेश गरी सामानको सुरक्षा गर्नुपर्दछ ।
<table>
<tr><th>ठेक्का नं</th><th>कार्य</th><th>सामान आपूर्तिकर्ता</th><th>सामानको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>६।२०७८।७९</td><td>उमाकुण्ड खानेपानी व्यवस्थापन</td><td>बुद्ध कन्स्ट्रक्सन प्रा लि</td><td>पाईप तथा फिटिङ खरिद</td><td>१४१३७८६६</td></tr>
<tr><td>७।२०७८।७९</td><td>च्यादालु खानेपानी योजना</td><td>बुद्ध कन्स्ट्रक्सन प्रा लि</td><td>पाईप तथा फिटिङ खरिद</td><td>३२५८०७४</td></tr>
<tr><td>८।२०७८।७९</td><td>बुर्थाउरी सप्सुखोला ट्रायल ब्रिज निर्माण</td><td>एस के ईन्जिनियरीङ</td><td>पुलको पार्टस खरिद</td><td>१५४२९९१</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>१८९३८९३१</td></tr>
</table></td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>रोयल्टी :नेपालको संविधान २०७२को अनुसुचि ९ अनुसार प्राकृतिक स्रोत साधानको रोयल्टी बापतको रकम प्राप्तिमा प्रदेश तथा स्थानीय तहको साझा अधिकार रहने तथा प्रदेश आर्थिक ऐन २०७८ अनुसार स्थानीय तहले प्राकृतिक स्रोत साधन उत्खखन गरेबापत प्रदेश आर्थिक ऐन २०७८ ले तोकेवमोजिम प्रति घन फिट रु ९ का दरले १३ प्रतिशत भ्याट सहित प्राप्त हुने रकम विभाज्य कोषमा जम्मा गर्ने र भ्याट वापतको १३ प्रतिशत रकम संघीय सञ्चित कोषमा पठाई बाँकी रहेको रकम मध्ये ६० प्रतिशत पालिकाले आफ्नो सञ्चित कोषमा जम्मा गर्ने र बाँकी ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा पठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको निर्माण कार्यमा ढुङ्गा तथा बालुवा प्रयोग गरेवापत रोयल्टिको रकम कट्टा गरी बाँकी रकम भुक्तानी दिनुपर्नेमा सो गरेको देखिएन । पालिकाले यस प्रकारको कार्यमा सुधार गरी आगामी दिनमा भुक्तानी दिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो भौ नं/मिति</td><td>योजनाको नाम</td><td>भुक्तानी रकम</td><td>ढुङ्गा प्रयोग हुने निर्माणको आईटम</td><td>ढुङ्गाको परीमाण</td><td>रोयल्टि वापतको रकम</td></tr>
<tr><td>३९८।२०७९।३।११</td><td>बाम्ति भन्डारा अस्पताल सडक सोलिङ</td><td>९५८८७०</td><td>सोलिङ कार्य</td><td>३९८ क्यु मि</td><td>१४२१६१</td></tr>
<tr><td>४०७।२०७९।३।१२</td><td>ठाडो खोला पिपलडाँडा जेरी कृषि सडक सोलिङ</td><td>२८६३८८</td><td>सोलिङ</td><td>११८</td><td>४२५३०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>प्रतिवेदन :

.... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।०७ को निर्णयबाट रु.१८९३८९३१ ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>६५</td><td></td><td></td><td>प्रमाण पेश:पालिकाको मिति २०७८।११।२५ को निर्णय अनुसार दुध मिसन कार्यक्रम अन्तर्गत चौरी प्रवर्द्धन कार्यक्रममा आर्थिक बर्ष २०७८।७९ को स्वीकृत कार्यक्रमअनुसार चौरी प्रवर्द्धनमा कृषि पेशाको व्यवसायीकरणको लागी कृषक समुह, कृषि कम्पनी तथा फार्महरुलाई ५० प्रतिशत साझेदारी अनुदानमा सहभागी कृषक समुह,कृषि कम्पनि तथा फर्महरुलाई अनुदान बापतको रकम देहाय बमोजिम भुक्तानी दिएको (करसमेत) छ । तर लागत अनुमानको भरमा घुम्ती गोठ निर्माण ,खानेपानी व्यवस्था तिर्पाल खरिद ,गोठका लागी जस्ता पाता खरिद तथा गोरेटो बाटो निर्माण लगायतको कार्य गर्ने गरी सम्झौता गरेकोमा उमाकुण्ड कृषि तथा चौरी पशुपंछी फार्मसँग ६ वटा चौरी गाई र साढे १२ वटा गरि गो भौ नं १९।२०७९।३।२३ बाट रु ९ लाख ६० हजारमा खरीद गरेको विल समावेश भएको छ । संलग्न प्रतिवेदन अनुसार कैरन चौरी पालक कृषक समुहको खोर निर्माण लगायतका प्राविधिक मूल्याङ्कन गरिएकोमा उमाकुण्ड र चित्र पोखरी फार्म समावेश नभएकोले उक्त दुध मिसन सम्बन्धमा पालिकाबाटै छानविन गरी खरिद गरिएका गाई तथा साढैंको स्थिति सम्बन्धमा सुनिश्चितता गर्नुपर्ने रु.
<table>
<tr><td>सि नं</td><td>नाम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>कैरन चौरी पालक कृषक समुह</td><td>१००००००</td></tr>
</table>
</td><td>२,०००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>२</td><td>उमाकुण्ड चौरी पालक कृषक समुह</td><td>८५००००</td></tr>
<tr><td>३</td><td>चित्र पोखरी चौरी पालक फार्म</td><td>१५००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२००००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>सोलार जडान :

✍ .... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।०७ को निर्णयबाट रु.७९३९०२ ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>६७</td><td></td><td></td><td>रसिद नियन्त्रण खाता :पालिकले नगदी रसिद तथा अनलाइन प्रणाली (२०७८ माघ देखि)बाट पालिका तथा ७ वटा वार्ड एवं न्यायीक समितिबाट प्राप्त समेत गरी मालपोत तर्फ रु ११६३७८० र अन्य सेवा प्रवाह वापत प्राप्त रकम रु.१८९५९४० समेत रु.३०८९०२० आम्दानी तथा दाखिला देखाएकोमा लेखा परीक्षणको क्रममा देखिएका थप व्यहोराहरु निम्नानुसार छन् ।

क) कति रसिद जिम्मेवारी सारिएको हो कति यस बर्ष छपाई गरी कति रसिद प्रयोग गरी कति रसिद बाँकी रहेको हो सो सम्वन्धमा पालिकाले रसिद नियन्त्रण खाता तयार गरी रसिद अभिलेख खाता अद्यावधिक गर्नुपर्दछ ।

ख) वडाहरुले लगेको रसिद तथा त्यसबाट संकलित रकमको विवरण रसिदगत नभएकोले वडाबाट यस बर्ष जम्मा भएको भनी बैंक जम्मा गरेको रु ११६३७८० एकिन गर्ने आधार पेश भएको छैन ।</td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>जल विद्युत रोयल्टी :स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ सि नं ११ प(७) मा पालिकालाई ढुङ्गा, गिट्टि, बालुवा उत्खनन् तथा उपयोगको दर्ता अनुमति नविकरण खारेजी र व्यवस्थापन गर्ने जस्ता अधिकार सम्वन्धि व्यवस्था रहेको छ । पालिकाले आफ्नो क्षेत्रभित्र लिखु खोला रहेको अवस्थामा समेत चालु आ व २०७९ मा उक्त शिर्षकबाट रकम प्राप्त गरेको पाइएन । २०७८ जेठ २९ गते पालिकाको उपाध्यक्षको संयोजकत्वमा राजश्व परामर्श समितिको बैठकले आर्थिक बर्ष २०७८।७९ को लागी करको स्रोत दर र दायरा स्वीकृत गरी कार्यपालिका बैठक र गाँउसभामा प्रस्ताव गर्ने निर्णय भएकोमा मुख्य श्रोत ढुङ्गा गिट्टीको उपयोग सम्बन्धमा कुनै निर्णय नभएको तथा पालिकाभित्रै लिखु ४ जलविद्युत आयोजना निर्माणाधिन अवस्थामा रहेको स्थितिमा कुनै रकम पालिकाले उठाएको नदेखिदा मौजुदा श्रोतको अनुमान गरी ठेक्का व्यवस्था मार्फत आन्तरीक आय बढाउनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६९			**रकम असुल** :गाँउपालिका (केन्द्र) तर्फ २०७८ माघ १५ सम्म रसिदबाट प्राप्त र तत् पश्चात अनलाईन मार्फत राजश्व असुली रु ५९८६४८।- उठाएको विवरण देखिएकोमा पालिकाको आन्तरीक आय खातामा दाखिला भएको रकम भिडान गर्दा रु ५५३६६६ मात्र दाखिला भएको भौचर पेश भएकोले नपुग रु ४४९८२।- जिम्मेवार पदाधिकारी यकिन गरी ब्याजसहित असुल गर्नुपर्ने रु.	४४,९८२
७०			**प्रमाण पेश** :पालिकाले मिति २०७८।८।२० को गाँउपालिकाको निर्णय नं २२ अनुसार बाग्मती प्रदेश सरकारको सशर्त अनुदान अन्तर्गत बाबु आमा बिहिन बालबालिका संरक्षण कार्यक्रमको लागी मापदण्ड अनुसार सुचना प्रकाशित गरी दरखास्त पेश गर्नेहरुमध्येबाट मापदण्ड अनुसार महिला बालबालिका तथा जेष्ठ नागरिक ईकाइबाट छनोटगरी कार्यपालिका वैठकमा पेश भएकोमा छनोट भएका नामहरु अनुमोदन गर्ने गरी निर्णय भएकोमा सहायक महिला विकास निरीक्षक अञ्जु दाहालले प्रति बालबालिका रु २००० का दरले१७ जना बालबालिकाको लागी २४ हजारको दरले हुने रु ४०८००० को गो भौ नं २६।०७९।३।२४ पेश्की फछ्र्यौट गरेको छ तर निर्देशिका बमोजिम मन्त्रालयले कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने र सम्वन्धित स्थानीय तहले भत्ता वितरणको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्ने उल्लेख भएकोमा त्यसप्रकारवाट अनुगमन गरेको विवरण पेश भएको छैन ।	
७१			**कार्यसम्पादन प्रतिवेदन** : .... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।०७ को निर्णयबाट रु.२८७४२७९।३४ ।- सम्परीक्षण गरिएको ।)*	०
७२			**सवारी खरिद** :२०७९ जेष्ठ २३ गतेको कार्यपालिकाको निर्णय नं.१३ अनुसार उमाकुण्ड गाँउपालिका गाँउकार्यपालिका कार्यालय प्रयोजनको लागी १ वटा वोलेरो गाडी र वार्ड नं. ६ र ७ को लागी एम्वुलेन्स कन्टीजेन्सी बाट खरिद गर्ने गरी निर्णय भएअनुसार क्याटलक सपिङ्ग विक्रिबाट Bolero Campos DC 4 WD ल्याव pc sJ गाडी अग्नी इन्फोटेक प्रा.लि. बाट रु ३१००००० मा खरिद गरेको छ ।	
७३			**पेश्की बाँकी :**आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,207७ को नियम 73(3) मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा देहाय अनुसार म्याद ननाघेको पेश्की रु. १० लाख र म्याद नाघेको पेश्की रु. ३० लाख समेत कुल रु. ४० लाख फछ्यौट गर्न बाँकी रहेको छ । नियमानुसार समयमै पेश्की फर्छ्यौट गर्नुपर्ने म्याद नाघेको पेश्की फर्छ्यौट नभएको रु.	०

सि.नं.	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	म्याद ननाघेको	फछ्यौंटको अन्तिम म्याद	म्याद नाघेको

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>सिद्देश्वर माध्यमिक विद्यालय</td><td>१००००००</td><td>०४/१९/२०७९</td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१००००००</td><td></td><td></td></tr>
</table>

(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फर्छ्यौट भएको प्रमाण पेश भएको)</td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>लाभग्राही समुह :

✍ .... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२२ को निर्णयबाट रु.६३१७५२८ /- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>७५</td><td></td><td></td><td>लागत साझेदारी :कृषक लागत साझेदारीसम्वन्धि कार्यविधि २०७७ अनुसार सार्वजनिक निकायले प्रदान गर्ने कृषि अनुदानमा सम्वन्धित लाभग्राहीको न्यूनतम ५० प्रतिशत का दरले लागत साझेदारी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं ४८२।२०७९।३।२२ बाट कृषि वडा नं ६ वजेट शिर्षकबाट वडा नं ६ को ११ वटा फर्मलाई रु ४० हजारका दरले कृषक लाभग्राही समुहको लागत साझेदारी बेगर नै रु ४४०००० र गो भौ नं ४८४।२०७९।३।२२ बाट ८ वटा लाभग्राही समुहलाई रु ३२०००० गरी ७६०००० भुक्तानी भएको छ । लागत साझेदारी वेगर भुक्तानी गरी अनियमित भएको रु</td><td>७६०,०००</td></tr>
<tr><td>७६</td><td></td><td></td><td>औषधि खरिद :

✍ .... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२२ को निर्णयबाट रु.६१६९०३९ /- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>७७</td><td></td><td></td><td>पेश्की फर्छ्यौट :

✍ .... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।०७ को निर्णयबाट रु.२२७७६८१७।१६ /- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७८			**सम्परीक्षण:**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२)(घ) बमोजिम वेरुजू फछ्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था गरेको छ । कार्यालयले हालसम्मको बेरुजु अध्यावधिक गरी सम्परीक्षणको लागि पेश गरी बेरुजु घटाउनुपर्दछ ।	
७९			**अनुगमन**ःगत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद,ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।	